**निर्णयहरु :-**

१. गर्मी यामको सुरुवात सँगै हुन सक्ने आगलागी, हुरीबतास र चट्याङ् लगायतका विपदजन्य घटनाहरु र त्यस्ता विपदबाट हुन सक्ने सम्भावित क्षतिलाई न्यूनिकरण एवं प्रतिकार्य गर्नका लागि तर्जुमा गरिएको **आगलागी, हुरीबतास र चट्याङ् पूर्व तयारी तथा प्रतिकार्य योजना – २०८१** को मस्यौदा बैठकमा पेश भई बृहत छलफल भयो । बैठकबाट प्राप्त पृष्ठपोषणका आधारमा संशोधन सहित तयार गरिएको **आगलागी, हुरीबतास र चट्याङ् पूर्व तयारी तथा प्रतिकार्य योजना - २०८१** स्वीकृत गर्ने र सरोकारवाला निकायहरुको समन्वयमा सो को प्रभावकारी कार्यान्वयन गर्ने ।

२. गृह मन्त्रालय (विपद् अध्ययन, जोखिम न्यूनिकरण तथा पुनर्लाभ शाखा) को च.नं. १६८ मिति २०८१/१०/२२ गतेको निर्देशन सम्बन्धमा विषयक पत्र वैठकमा पेश भयो । सो सम्बन्धमा बढ्दो तापक्रमका कारण बन डढेलो तथा आगलागीका घटनाहरु बढ्ने सम्भावना रहेकोले डढेलो तथा आगलागी नियन्त्रणका लागि  सुरक्षा सावधानी सहितको तालिम प्राप्त जनशक्ति र उपलव्ध यन्त्र उपकरण व्यवस्थापन गरी सुरक्षा निकाय एवं डिभिजन वन कार्यालयले परिचालन गर्ने ।

३. सुख्खा मौसम, हावाहुरी तथा आगलागीजन्य विपद्हरुबाट हुने सक्ने जनधनको क्षति न्यूनिकरण गर्न सबै सरकारी निकाय, स्थानीय तह र नेपाल रेडक्रस सोसाईटी लगायतका गैर सरकारी संघ, संस्थाबाट समन्वयात्मक रुपमा सचेतनामूलक कार्यक्रम गर्ने साथै पूर्व तयारी र प्रतिकार्यका लागि तयारी अवस्थामा रहने ।

४. सबै स्थानीय तहहरुले सुख्खा मौसम, हावाहुरी तथा आगलागीजन्य विपदबाट सुरक्षित रहन स्थानीय भाषामा सचेतना मूलक सूचना एवं जानकारी स्थानीय संचार माध्यम मार्फत प्रसारण गर्ने व्यवस्था मलाउने ।

५. गहुँबाली भित्राई सकेपछि किसानहरुले खेतमा आगो लगाउने प्रवृतिले आगलागीजन्य विपद्का घटनाहरु घट्नुका साथै जनधनको क्षति हुने र वातावरणमा समेत प्रतिकुल असर पर्ने भएकोले खेतमा आगो लगाउने कामलाई निरुत्साहित गर्ने । सोका लागि स्थानीय तह, नागरिक समाज, राजनीतिक दल लगायत सबै सरोकारवाला निकायले सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

६. गर्मीको मौसम हावाहुरी एवं आगलागीजन्य विपद्का दृष्टिकोणले जोखिमयुक्त समय भएकोले यस त्यस्ता प्रकृतिका विपदका घटनाहरु घट्न नदिन जिल्ला विपद् व्यवस्थापन समितिबाट पारित **आगलागी, हुरीबतास र चट्याङ् पूर्व तयारी तथा प्रतिकार्य योजना – २०८१** को प्रभावकारी कार्यान्वयन गर्ने । प्रतिकार्यका लागि सबै सुरक्षा निकायका QRT/IRT लाई तयारी अवस्थामा राख्ने, आवश्यकता अनुसार Simulation गर्ने, स्थानीय  तहहरुले स्थानीय पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने, दमकल लगायतका प्रतिकार्यका साधनहरु मर्मत गर्नुपर्ने भए सो समेत गरी तयारी अवस्थामा राख्ने ।

७. प्रतिकार्यका लागि  सम्पूर्ण स्थानीय तह, विषयगत कार्यालय र सरोकारवाला निकायहरुले तत्काल आवश्यक पर्ने विपद्का सामग्रीहरुको उपलव्धता एकिन गरी अध्यावधिक गर्ने र  विपद्को समयमा तत्काल उपलव्ध हुने व्यवस्था मिलाउने ।

८. जिल्ला स्थित स्थानीय तहहरुले आगलागी, हुरिबतास र चट्याङ लगायतका विपदका घटनाहरुको विवरण र आगलागी, हुरिबतास र चट्याङ पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी गरेका कार्यहरुको विवरण र सुरक्षा निकायले खोज तथा उद्धार लगायतका प्रतिकार्यका विवरणहरु दैनिक रुपमा जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

९. बुटवल उपमहानगरपालिकाको च.नं. ३६८३, मिति २०८१/११/२८ को निर्णय उतार सम्बन्धमा विषयक पत्रसाथ प्राप्त स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय वैठकमा पेश भयो । सो सम्बन्धमा उक्त पत्र र संलग्न निर्णायानुसार जिल्ला

नेपाल सरकार

अधिकारी

रुपन्देही साविक मोतिपुर गा.वि.स. नक्शा नं. ८ ङ हाल बुटवल उपमहानगरपालिका वडा नं.१८ मा नेपाल सरकारको नाममा श्रेस्ता दर्ता कायम रहेको कि.नं. ४२१ क्षेत्रफल ०-३-२ विगाहा जग्गा बुटवल उपमहानगरपालिका वडा नं. १८ को वडा कार्यालय भवन निर्माण प्रयोजनको लागि र साविक मोतिपुर गा.वि.स. नक्शा नं. ७ ख हाल बुटवल उपमहानगरपालिका वडा नं.१९ मा नेपाल सरकारको नाममा श्रेस्ता दर्ता कायम रहेको कि.नं. ११ क्षेत्रफल ०-१५-५ विगाहा जग्गा मध्ये ०-८-० विगाहा बुटवल उपमहानगरपालिका वडा नं. १९ को वडा कार्यालय भवन निर्माण प्रयोजनको लागि बुटवल नगरपालिकालाई उपयोग गर्न दिदा विपद् व्यवस्थापनमा प्रतिकुल असर नपर्ने देखिएको व्यहोरा सम्बन्धित निकायमा सिफारिश गर्ने ।

१०. सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालयको च.नं. ३५४२ मिति २०८१/१२/०४ को पत्रानुसार उक्त पालिका भएर बग्ने इंगुरिया र घमाहा नदीमा ठूलो परिमाणमा नदीजन्य सामग्री थुप्रिएका कारण बर्षा याममा नदीको सतह बृद्धी भई गाउँ वस्ती जोखिममा पर्ने सम्भावना भएकाले नदीजन्य पदार्थ उत्खनन् गरी सम्भावित विपद न्यूनिकरणका लागि अनुरोध भई आएको र पत्रसाथ प्राप्त स्थानीय विपद व्यवस्थापन समितिको निर्णय एवं जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको च.नं. ३०३ मिति २०८१/१२/०६ को प्राविधिक प्रतिवेदन पठाईएको सम्बन्धमा विषयक पत्रसाथ प्राप्त प्राविधिक प्रतिवेदन बैठकमा पेश भयो । पेश गरिएको पत्र, स्थानीय विपद व्यवस्थापन समितिको निर्णय एवं जिल्ला अनुगमन समितिको निर्णय बमोजिम गठीत समितिले बुझाएको प्राविधिक प्रतिवेदन बमोजिम सैनामैना नगरपालिका वडा नं. ६, ८ र ९ भई बग्ने इंगुरिया खोला र घमाहा नदी (कभर्ड हल आसपास क्षेत्र) मा थुप्रिएको नदीजन्य पदार्थले जोखिम बढेको र विपद् निम्त्याउने उच्च सम्भावना देखिएकोले प्राविधिक प्रतिवेदनमा उल्लेख भए बमोजिम इगुंरिया खोलाका प्रतिवेदनमा उल्लेख भएका स्थानबाट ३१०६३.८५ घन मिटर र घमाहा नदी कभर्ड हल आसपासको प्रतिवेदनमा उल्लेख भएको क्षेत्रबाट २५८१ घन मिटर नदीजन्य पदार्थ उत्खनन गरी खोलाबाट हटाई आवश्यक व्यवस्थापन गर्न सैनामैना नगरपालिकालाई अनुमती प्रदान गर्ने ।

११. बुटवल उपमहानगरपालिकाको च.नं. ३७८८, मिति २०८१/१२/०५ गतेको नदिजन्य पदार्थ उत्खनन गर्न अनुमति सम्बन्धमा विषयक पत्रबाट बुटवल उपमहानगरपालिकाको क्षेत्र भएर बग्ने तिनाउ नदी (बुद्धनगर, मजुवा, सिरानगाउँ वडा नं. ११ हात्तिसुढ) क्षेत्रमा अत्याधिक नदीजन्य पदार्थ थुप्रियका कारण तटीय क्षेत्रमा कटान भई बस्ती र सार्वजनिक संरचना जोखिममा पर्न सक्ने सम्भावना भएकोले सो क्षेत्रको ५९,८०० घनमिटर नदीजन्य पदार्थ उत्खनन गर्न अनुमति प्रदान गरिदिनुहुन भनी लेखी आएको,

- गैडहवा गाउँपालिका गाउँ कार्यपालिकाको च.नं. १७८५ मिति २०८१/१२/०६ को पत्रबाट सो पालिका वडा नं. ६ स्थित सन्तेश्वर घाटमा दानव नदी र कञ्चन नदी ले एकतर्फी कटान गरिरहेको हुँदा सो को व्यवस्थापनका लागि नदीको विच भागमा च्यानेलिङ्ग गर्न र सो कार्यबाट निस्कने गिट्टी बालुवा लिलामी गरी विक्री गर्न तथा कञ्चन नदीबाट निस्कने गिट्टी बालुवा गाउँपालिकाको १ देखी ९ नं. वडाका क्षतिग्रस्त सडकका खाल्डा खुल्डी पुर्न सहमति प्रदान गरिदिनुहुन भनी लेखी आएको,
- सियारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको च.नं. २०२२ मिति २०८१/११/२९ गतेको पत्रबाट सो गाउँपालिका वडा नं. ४ मा रहेको दानव नदी कचकचहवा घाटमा नदीमा बाढी आउँदा पानीको वहावले कटान गरी पुल नै जोखिम पार्ने भएकोले उक्त घाटको नदिजन्य पदार्थ उत्खनन एवं व्यवस्थापनका लागि अनगमन गरी

जिल्ला अधिकारी

गाउँपालिका वडा नं. १मा रहेको सोनारेत झोलुङ्गे पुल उत्तर तिनाउ नदीको मध्य भागमा रहेको माटोको कारण पूर्वपट्टिको तटबन्धमा क्षति पुऱ्याई राखेकोले माटो हटाउनका लागि अनुगमन गरी सहजिकरण गरिदिनुहुन भनी लेखी आएको ।

सो सम्बन्धमा माथि उल्लेखित तीनवटै स्थानीय तहका जोखिमयुक्त क्षेत्रको स्थलगत अनुगमन गरी प्राविधिक प्रतिवेदन तयार गरी आगामी बैठकमा पेश गर्न निम्नानुसारको प्राविधिक उपसमिति गठन गर्ने ।

१. ईन्जिनियर, जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देही - संयोजक
२. प्राविधिक प्रतिनिधि, बुटवल उपमहानगर नगर कार्यपालिकाको कार्यालय, रुपन्देही - सदस्य
३. प्राविधिक प्रतिनिधि, गैडहवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही - सदस्य
४. प्राविधिक प्रतिनिधि, सियारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही - सदस्य
५. प्राविधिक प्रतिनिधि, शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही - सदस्य

१२. देवदह नगरपालिका नगरकार्यपालिकाको कार्यालय रुपन्देहीको च.नं. १४३१ मिति २०८१/०९/२६ गतेको पत्रानुसार देवदह नगरपालिका वडा नं. १० अन्तरगत चरङ्गे मुढावास झुम्सा जोड्ने बाटो खहरे पुल अगाडी बाटोको विचमा पर्ने ३ वटा सालको रुखले विगत ५ महिना अगाडी दुर्घटना भई एक व्यक्तिको मृत्यु भैसकेको र धेरै मानिस दुर्घटनामा परी घाईते भएको हुँदा मानविय क्षति रोक्न उक्त बाटोको बीचमा रहेको सो रुख कटानका लागि डिभिजन वन कार्यालयमा सिफारिश गर्ने ।

१३. जिल्ला प्रशासन कार्यालयको जिल्ला विपद् व्यवस्थापन कोषबाट विपद् पिडितहरुको लागि उपलब्ध गराईएको निम्नानुसारको राहत रकम अनुमोदन गर्ने ।

**मिति २०८१/०९/२४ गते देखि हाल सम्म जिल्ला विपद् व्यवस्थापन कोषबाट भुक्तानी भएको राहत रकम**

| सि.नं. | राहत दिएको मिति | राहत प्राप्त गर्नेको नाम | ठेगाना | राहतको किसिम | जम्मा रकम रु. |
|---|---|---|---|---|---|
| १. | २०८१/१०/२३ | सिता चौधरी | तिलोत्तमा न.पा.- १६ | आगलागी | १५०००।- |
| | | | जम्मा | | १५,०००।- |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

प्रमुख जिल्ला अधिकारी